जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३०५ पृष्ठः ४ | २०८२ चैत्र १७ मंगलबार (Tuesday 31 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## ओली पक्राउको विरोधमा सिरहामा मसाल जुलुस



सिरहा, १६ चैत्र। पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको पक्राउको विरोधमा सिरहाको गोलबजारमा नेकपा एमालेका कार्यकर्ताहरूले मसाल जुलुस निकालेका छन्। एमाले अध्यक्ष ओलीको रिहाइको माग राखेर गरिएको प्रदर्शनमा प्रहरी र प्रदर्शनकारीबीच धकेलाधकेल भएको छ। प्रदर्शनकारीले बोकेको मसाल प्रहरीले नियन्त्रणमा लिन खोजेपछि स्थिति एकाएक तनावग्रस्त बनेको थियो। प्रदर्शनकारीले विरोध जनाउँदै नाराबाजी जारी राखेपछि प्रहरीसँग धकेलाधकेल भएको हो।

प्रहरीले मसाल खोसेपछि आक्रोशित प्रदर्शनकारीले "प्रहरी दमन बन्द गर, गृहमन्त्री मुर्दावाद,गृहमन्त्री राजीनामा दे, बालेन सरकार मुर्दावाद लगायतका नारा लगाएका थिए। प्रहरीले जुलुसलाई आधा बाटोमै रोक्दै मसाल खोस्न प्रयास गरेपछि दुवै पक्षबीच सामान्य झडप भएको हो। केहीबेरसम्म तनावपूर्ण अवस्था रहे पनि थप बल प्रयोग नगरी स्थिति नियन्त्रणमा ल्याइएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक सुदन केसीले जानकारी दिए।

## एसइई परीक्षामा मोबाइल निषेध, फेला परे जफत गरी नष्ट गरिने

काठमाडौं, १६ चैत्र। मधेस प्रदेश सरकारका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले एसइई परीक्षा विद्यार्थीको भविष्यसँग प्रत्यक्ष जोडिएको संवेदनशील विषय भएकाले यसको सञ्चालनमा कुनै किसिमको लापरबाही हुन नहुने बताएकी छन्। शिक्षा तथा संस्कृति मन्त्रालय मधेस प्रदेशको आयोजनामा सोमबार जनकपुरधाममा विद्यालय शिक्षा परीक्षा एसइई–२०८२ लाई व्यवस्थित, मर्यादित र निष्पक्ष रूपमा सञ्चालन गर्ने उद्देश्यले आयोजना गरिएको प्रदेशस्तरीय समन्वय बैठकमा मन्त्री तिवारीले परीक्षा शान्त, व्यवस्थित र मर्यादित वातावरणमा सम्पन्न गराउन सबै सम्बन्धित निकायलाई जिम्मेवार र सक्रिय भूमिका निर्वाह गर्न निर्देशन दिइन्।

मन्त्री तिवारीले परीक्षालाई थप कडाइका साथ सञ्चालन गरिने स्पष्ट पार्दै परीक्षा केन्द्रमा मोबाइल फोन लैजान पूर्ण रूपमा निषेध गरिएको बताइन्। यदि कुनै परीक्षार्थीले मोबाइल साथमा ल्याएको पाइएमा सो मोबाइल जफत गरी नष्ट गरिने उनले बताईन्। उनले विद्यार्थी तथा अभिभावकलाई लक्षित गर्दै कुनै पनि प्रकारको लापरबाही नगर्न आग्रह गर्दै नियमको पूर्ण पालना गर्न सबैसँग अपिल गरिन्।

मन्त्री तिवारीले परीक्षा केन्फ्हरूको सुरक्षा व्यवस्थापन, प्रश्नपत्रको गोपनीयता, नक्कल नियन्त्रण तथा अनुगमनलाई प्रभावकारी बनाउन विशेष जोड दिँदै सम्बन्धित जिल्ला प्रशासन, सुरक्षा निकाय र शिक्षा

**–बाँकी तीन पेजमा**

## गापा अध्यक्ष डम्बरको १५ दिने आश्वासनपछि भुक्तानी नदिँदा ट्याक्टरबालाहरुले दिए उजुरी

सिरहा, १६ चैत्र। नरहा गाउँपालिका वडा नं. २ पानबारी क्षेत्रमा गरिएको ग्राभेल तथा माटो ढुवानी कार्यको भुक्तानी नपाएको भन्दै स्थानीय ट्याक्टरधनीहरूले गाउँपालिका अध्यक्षविरुद्ध जिल्ला प्रशासन कार्यालय सिरहामा उजुरी दिएका छन्। पानबारी निवासी पंचलाल यादवले दिएको निवेदन अनुसार, आर्थिक वर्ष २०८० मा



पानबारी चौकदेखि शरण माध्यमिक विद्यालयसम्म तथा बलुवा चौकदेखि तिलासी रोड हुँदै वर्छाबा सडकसम्म मर्मत तथा ग्राभेल कार्य गरिएको थियो। उक्त काममा करिब १० वटा निजी ट्याक्टर प्रयोग गरिएको दाबी गरिएको छ।

उजुरीकर्ताहरूका अनुसार, काम सम्पन्न भए पनि हालसम्म कुनै पनि भुक्तानी प्राप्त नभएको गुनासो गरिएको छ। "पैसा माग्न जाँदा सोमबार दिन्छु, भोलि दिन्छु भन्दै झुक्याइयो, तर अहिलेसम्म एक रुपैयाँ पनि पाएका छैनौं," निवेदनमा उल्लेख छ। उनीहरूले गाउँपालिका अध्यक्षले बजेट निकासा गरेर रकम हिनामिना गरेको आशंका समेत व्यक्त गरेका छन्। यसैबीच, गाउँपालिका

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात ।**

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
- वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन्।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## दुस्साहस होइन दूरदर्शिता रोज

नयाँ सरकारको गति अपेक्षाकृत तीव्र हुनु अस्वाभाविक होइन। तर, सरकारको तीव्रताले समाजमा भय र आशंका बढाएको लक्षण देखिन थालेको छ। सेयर बजारमा आएको गिरावट नेपाली आर्थिक मानसिकताको सूचक हुनसक्छ। भदौ २३ र २४ का घटनामा दोषीहरूमाथि कारबाही सुरु गर्दा सरकारले नियमित न्यायिक प्रक्रिया मिचेको आरोप विपक्षीहरूले लगाएका छन्। सरकारको विशेषगरी गृहमन्त्रीको कार्यशैलीले पनि समाजमा एक प्रकारको छटपटी बढेको भान हुन्छ।

एकातिर नेपाली जनताको मूल चाहना दैनिक जनजीविका सहज होस् भन्ने देखिन्छ। दैनिक जीवनका अत्यावश्यक सामग्रीहरूको सहज आपूर्ति र गुणस्तरको सुनिश्चिततालाई जनताले बढी महत्व दिएका छन्। नागरिकको निम्ति सुशासनको अर्थ दैनिक जीवनसँग सरोकार राख्ने विषयमा झमेला र लुट नहुनु नै हो। सरकारको ध्यान भने राजनीतिक् स्टन्टवाजीमा बढी केन्फित हुन थालेको छ। संविधानले दिएको संगठनको स्वतन्त्रता कुण्ठित गर्ने प्रयास भयो भने विद्यार्थी, मजदुर र कर्मचारीअरू अनावश्यकरूपमा आन्दोलित हुनसक्छन्। अनि सरकारले सबै ऊर्जा त्यसैको व्यवस्थापनमा लगाउनुपर्ने हुन्छ।

नेपालमा राजनीतिक असन्तोष र व्यवस्थापनको अवस्थालाई 'सिपाहीको गुन्टा कसाइ'सँग दाँज्ने गरिन्छ। सरुवाको आदेश आएपछि गुन्टा कस्न लाग्दा सिपाहीहरूले बढी नै बल लगाउँछन्। त्यसरी बल लगाउँदा गुन्टा कस्ने डोरी नै चुँडिनपुग्छ। गुन्टा फुस्किन्छ र यही क्रम दोहोरिइरहन्छ। सत्तामा पुगेको उत्साहमा केही चमत्कार गरेर देखाउने रहर लाग्छ। अनि केही ठूलो काम छिटै गरिहाल्न खोजिन्छ। जनतालाई चमत्कार देखाउने उत्साहमा व्यावहारिक र धेरैजसो कानुनी पक्षलाई बेवास्ता गरिन्छ। त्यस बेवास्ताले असन्तोष, आन्दोलन र सत्ता परिवर्तन निम्त्याउँछ। यही क्रम दोहोरिइरहन्छ।

यो शासकीय गुन्टा कसाइको दुश्चक्र टुटाउन नसक्दा विगतमा परिवर्तनपछि ठूलो जनसमर्थन पाएका सरकारहरूले सत्ता छाड्नुपरेको उदाहरण छ। माओवादी शान्ति प्रक्रियामा आएपछि भएको निर्वाचनमा नेकपा (माओवादी)ले ठूलो जनसमर्थन पाएको थियो। अवकाशको मुखमा पुगेका प्रधान सेनापतिलाई बर्खास्त गरेर सत्ता कब्जा गर्न खोज्दा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले सत्ता नै गुमाए। नेपालको संविधान, २०७२ पछि भएको पहिलो संसदीय निर्वाचनमा कम्युनिस्ट गठबन्धनले प्रचण्ड बहुमत ल्याएको थियो। पार्टी एकीकरण गरेर नेकपा (एमाले) र माओवादीले नेपाल कम्युनिस्ट पार्टी बनाए। सत्ताधारीहरूले ५० वर्ष कम्युनिस्टहरूले शासन गर्ने भविष्यवाणी गर्न थालेका थिए।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सत्तामा एकलौटी गर्न र अहंकार देखाउन थालेपछि सुरु भएको विग्रह दुई दुईपटक संसद् भङ्ग गर्ने निर्णयमा पुग्यो। फलस्वरूप, नयाँ नेकपामात्र होइन पुरानो एमाले र एकीकृत माओवादीसमेत फुटे। अर्थात् गुन्टा कसेको डोरी चुँडियो। अपेक्षाकृत युवा मन्त्रिपरिषद्ले चमत्कार देखाउन हतार गर्दा गुन्टा कसेको डोरी नचुँडोस् भन्नेमा ध्यान दिनु बुद्धिमानी हुनेछ। अहिलेकै संविधानबाट पनि स्थिरता र प्रगतिको आशालाग्दो सम्भावना उजागर भएको छ।

अब चमत्कारको मोहमा सरकार दुस्साहस गर्न होइन दूरदर्शिता देखाउन प्रवृत्त भएमात्र जनआकांक्षा पूरा हुनसक्छ। स्थिरताका लागि सरकारलाई जनादेश प्राप्त छ। दुस्साहस देखाएर अस्थिरता बढाउने काम सरकारले गर्नु हुँदैन। सुशासन जनचाहना हो। तर समाजमा त्रास फैलाएर होइन जनमानसलाई ढुक्क बनाएरमात्र सुशासन कायम हुनसक्छ। तर्साएर गरिने शासन त न लोकतान्त्रिक हुन्छ न आधुनिक नै ! यसैले सरकारले विधि, प्रक्रिया र लोकतान्त्रिक मूल्यहरूको बढी नै मर्यादा राख्नु उचित हुन्छ।

# हरित क्षेत्र र मानसिक स्वास्थ्य



शर्मिला आचार्य

**परिचय**

अहिले मानिसहरू स्वास्थ्यप्रति सजग बन्दैगएका छन्। व्यस्त जीवनशैलीबीच पनि स्वस्थ रहने चाहना बढेसँगै बजारमा विभिन्न स्वास्थ्यसम्बन्धी उत्पादन र प्रवृत्तिहरूको विस्तार हुँदैगएको छ। अहिले बिहान हिँड्न निस्किने र जिम जाने चलन सामान्य बन्दै गएको छ। कुन फलफूल, तरकारी र खानामा प्रोटिन, भिटामिन र फाइबर बढी हुन्छन् भन्नेबारे जानकारी लिँदै त्यसको प्रयोग गर्ने प्रवृत्ति पनि बढेको छ। प्रोटिन र मल्टिभिटामिनको चर्चा त झन् विशेष छ। बजारमा महँगा तथा सस्ता दुवै प्रकारका प्रोटिन पाउडर र भिटामिन ट्याब्लेटहरूको विक्री उल्लेखनीय रूपमा बढेको छ। यी उपायहरूको मुख्य उद्देश्य शारीरिक स्वास्थ्यलाई सुदृढ बनाउनु हो।

यस्ता उपायहरूले केही हदसम्म मानसिक स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्छन्। तर हाम्रो समाजमा मानसिक स्वास्थ्य प्रवर्द्धनका अन्य उपायहरू र तिनको महत्त्वबारे पर्याप्त ध्यान दिइएको देखिँदैन। विश्वभरजस्तै नेपालमा पनि तनाव, चिन्ता र उदासीजस्ता समस्या बढिरहेका छन्। तर यसबारे खुलेर कुरा गर्ने, सहयोग खोज्ने तथा सामूहिकरूपमा समाधान खोज्ने प्रवृत्ति, संस्थागत प्रणाली र सहज वातावरणको अभाव देखिन्छ। सन् २०१९ मा नेपालमा करिब ३९ लाख मानिसमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या देखिएको थियो। तीमध्ये करिब ११ लाखमा उदासी (डिप्रेसन) र ९ लाखमा चिन्तासम्बन्धी (एन्जाइटी) समस्या देखिएको थियो।

मानसिक स्वास्थ्य प्रवर्द्धन तथा उपचारका लागि वैज्ञानिकहरूले विभिन्न उपायहरूको खोजी गरिरहेका छन्। योग, व्यायाम, पर्याप्त निन्द्रा, सन्तुलित आहार, सामाजिक सद्भाव तथा सामाजिक मान्यताले मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने तथ्य विभिन्न अध्ययनहरूले देखाएका छन्। पछिल्ला वर्षहरूमा शारीरिक तथा वातावरणीय स्वास्थ्यसँग मानसिक स्वास्थ्यको सम्बन्धबारे अनुसन्धान तीव्ररूपमा बढिरहेको छ।

**परिभाषा**

हरित क्षेत्र भन्नाले सामान्यतः जङ्गल, सडकछेउका रूखहरू, पार्क, घरको आँगन, खेतीयोग्य जमिन तथा खेतबारीजस्ता वनस्पति पाइने स्थानहरूलाई जनाउँछ। सहरी दृष्टिकोणबाट हेर्दा पार्क, घाँसे मैदान, घरको बगैँचा, सहरी वन तथा सहरी कृषि क्षेत्रहरू हरित क्षेत्रअन्तर्गत पर्छन्। तीव्र सहरीकरणका कारण खुला स्थानहरू आवासीय तथा व्यावसायिक संरचनाले ढाकिँदै गएकाले हरित क्षेत्रहरू वर्षेनि घट्दै गएको छ। विशेषतः योजनाबद्ध नभएका सहरी क्षेत्रहरूमा यस्तो अवस्था झन् स्पष्ट देखिन्छ। यस्तो अवस्थामा हरित क्षेत्रहरूले हाम्रो जीवन र मानसिक स्वास्थ्यलाई कसरी संरक्षण गर्छन् भन्ने विषय अझ महत्त्वपूर्ण बन्दै गएको छ।

**हरित क्षेत्र र मानसिक स्वास्थ्य सूचकहरू**

हरित क्षेत्रहरू वातावरणीय प्रणाली, शारीरिक स्वास्थ्य र स्वस्थ जलवायुका लागि त आवश्यकै हुन्छन्। तर मानसिक स्वास्थ्यमा यसको प्रभावबारे भने करिब दुई दशकदेखि निरन्तर अनुसन्धान हुँदैआएको छ। अनुसन्धानहरूका अनुसार बढी हरित क्षेत्र भएका स्थानहरूमा मानसिक स्वास्थ्यका सूचकहरू तुलनात्मकरूपमा राम्रो देखिएकाछन्। सन् २०२४ मा वैज्ञानिकहरूको टोलीले गरेको भूस्थानिक अध्ययनअनुसार ५० प्रतिशतभन्दा बढी रूखले ढाकिएका बस्तीहरूमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या कम देखिएका थिए। विशेषतः घाँसे मैदान भएका क्षेत्रहरूको तुलनात्मक अध्ययनले डिप्रेसन र चिन्ताको जोखिम घट्ने संकेत गरेको छ। एउटा पूर्वअध्ययनहरूको (मेटा) विश्लेषणअनुसार हरित क्षेत्र १० प्रतिशतले बढ्दा डिप्रेसनमा ३.७ प्रतिशत र चिन्तामा ६.७ प्रतिशतसम्म कमी आउने सम्भावना देखिएको छ। कारण र परिणाम सम्बन्ध स्पष्टरूपमा पुष्टि गर्न अझै चुनौती भए पनि कम हरियाली भएका क्षेत्रबाट बढी हरियाली भएका क्षेत्रमा सरेका मानिसहरूको मानसिक स्वास्थ्यमा सुधार देखिएको तथ्यले यस सम्बन्धलाई थप पुष्टि गर्छ।

**सम्बन्धलाई प्रभाव पार्ने मध्यस्थ कारकहरू**

**१. शारीरिक सक्रियता**

विभिन्न अध्ययनहरूले हरित क्षेत्रहरूले शारीरिक गतिविधि बढाउन मद्दत गर्ने देखाएका छन्। खेलकुद, हिँडडुल, दौड, योगजस्ता गतिविधिले शरीरमा इन्डोर्फिन हर्मोनको स्तर बढाउँछ जसले मनोभावमा सुधार गर्छ भने तनाव दिने हर्मोन घटाउन पनि मद्दत गर्छ। यसले ध्यान विचलन घटाउने, निन्द्रामा सुधार गर्ने तथा मानसिक सन्तुलन कायम राख्न सहयोग पुऱ्याउँछ। अध्ययनअनुसार हरित क्षेत्रमा बसोबास गर्ने मानिसहरू शारीरिकरूपमा सक्रिय हुने सम्भावना २७ प्रतिशत बढी देखिएको छ।

**२. सामाजिक अन्तर्क्रिया र सामाजिक एकता**

हरित क्षेत्रहरू सामाजिक अन्तर्क्रिया र सामुदायिक सम्बन्ध सुदृढ गर्ने स्थानका रूपमा पनि महत्त्वपूर्ण हुन्छन्। यस्ता क्षेत्रहरूले परिवार, साथीभाइ तथा समुदायबीच भेटघाट, पिकनिक, उत्सव तथा खेलकुदजस्ता गतिविधि प्रोत्साहित गर्छन्। यसले सामाजिक एकता बढाउँछ र एक्लोपन घटाउँछ जुन मानसिक स्वास्थ्य समस्याको प्रमुख कारणमध्ये एउटा हो। अध्ययनअनुसार हरित क्षेत्रमा समय बिताउनु र मानसिक सुस्वास्थ्यबीचको सम्बन्धको करिब २५ प्रतिशत भाग शारीरिक गतिविधि र एक्लोपन घट्नुले व्याख्या गर्छ।

**३. सौम्य आकर्षण**

प्रकृतिले सहज रूपमा ध्यान आकर्षित गर्ने क्षमतालाई 'सौम्य आकर्षण' भनिन्छ। यसले मानिसलाई दैनिक तनावबाट केही समय टाढा राखी मानसिक विश्राम प्रदान गर्छ। पन्छीहरूको आवाज, फूलहरूको रङ्ग, नदीको बहाव, झरनाको स्वर र रूखको छायाले मनलाई शान्त बनाउन मद्दत गर्छन्। यसले सचेतता ( माइन्डफुलनेस) बढाउँछ, नकारात्मक सोच घटाउँछ र सकारात्मक भावना विकास गर्न सहयोग पुऱ्याउँछ। एउटा अध्ययनमा हरियाली क्षेत्रमा १० मिनेट बिताउँदा माइन्डफुलनेसको स्तर उल्लेखनीय रूपमा बढ्ने देखिएको छ।

**४. वायु प्रदूषण न्यूनीकरण**

वायु प्रदूषण मानसिक स्वास्थ्य समस्यासँग पनि सम्बन्धित देखिएको छ। पीएम २.५, पीएम.१०, सल्फर अक्साइड, नाइट्रोजन अक्साइड तथा कार्बन मोनोक्साइड जस्ता प्रदूषकहरूले मस्तिष्कमा सूजन उत्पन्न गरी न्यूरोनमा क्षति पुऱ्याउन सक्छन्। प्रदूषित क्षेत्रमा बसोबास गर्ने मानिसहरूमा डिप्रेसन र चिन्ताका लक्षण बढी देखिने अध्ययनहरूले संकेत गरेका छन्। हरित क्षेत्रहरूले प्राकृतिकरूपमा प्रदूषकहरू सोस्ने र फिल्टर गर्ने काम गर्छन्। चीनको सहरी क्षेत्रमा गरिएको अध्ययनअनुसार सडकछेउका रूखहरूले पीएम २.५ को स्थानीय स्तर १० देखि ३० प्रतिशतसम्म घटाउन सक्छन्।

**हरित क्षेत्र प्रभावकारी बनाउन आवश्यक तत्व**

हरित क्षेत्रको प्रभाव बढाउन निम्न पक्ष महत्वपूर्ण मानिन्छन् –

१. पर्याप्त क्षेत्रफल र हरियाली
२. राम्रो गुणस्तर र व्यवस्थापन
३. सजिलो पहुँच
४. नियमित भ्रमणको अवसर
५. प्राकृतिक स्थानहरूको विविधता
६. सुरक्षित तथा आकर्षक डिजाइन
७. खेलकुद तथा मनोरञ्जनका पूर्वाधार

**निष्कर्ष**

हरित क्षेत्रहरूले मानव स्वास्थ्य र जीवनको गुणस्तर सुधार गर्न बहुआयामिक भूमिका खेल्छन्। योजनाबद्ध सहरीकरण र ग्रामीण विकास प्रक्रियामा हरित क्षेत्रलाई प्राथमिकताका साथ समावेश गर्नसके मानसिक स्वास्थ्यसहित समग्र जीवनस्तर सुधार गर्न महत्त्वपूर्ण योगदान पुग्नेछ।

**हरित क्षेत्र प्रवर्द्धनका उपायहरू**

**नीतिगत पहल**

सरकारले हरित क्षेत्र विकासका लागि स्पष्ट नीति निर्माण गरी नयाँ हरित क्षेत्रका लागि जग्गा छुट्याउने तथा विद्यमान क्षेत्रहरूको संरक्षण सुनिश्चित गर्नुपर्छ।

**परित्यक्त जमिनको उपयोग**

सहर तथा बस्तीका खाली जमिनमा वृक्षारोपण गरी तिनलाई हरित क्षेत्रमा रूपान्तरण गर्न सकिन्छ।

**मनोरञ्जन तथा खेलकुद पूर्वाधार**

पार्क तथा हरित क्षेत्रमा व्यायाम सामग्री, खेलमैदान तथा सामुदायिक प्रयोगका संरचना विकास गर्नुपर्छ।

**सानातिना परियोजनाका लागि कोष**

स्थानीय तहले साना हरियाली परियोजनाका लागि विशेष कोष स्थापना गरी टोल तथा वडास्तरमा वितरण गर्न सक्छन्। 'हरित वडा पुरस्कार' जस्ता कार्यक्रमले प्रतिस्पर्धात्मक भावना विकास गर्न सहयोग पुऱ्याउँछ। (सामाजिक तथा व्यावहारिक विज्ञानमा मेमफिस विश्वविद्यालयमा विद्यावारिधि शोधार्थी) बाह्रखरीबाट

# मन्त्रिपरिषद् बैठक : चैत १९ गते संसद् अधिवेशन आह्वान गर्न सिफारिश, संविधान संशोधनका लागि कार्यदल गठन

काठमाण्डौ, १६ चैत्र। सरकारले संघीय संसद्को दुवै सदनको अधिवेशन आउँदो बिहीवार चैत १९ गतेका लागि आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिश गर्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले चैत १९ गते दिउँसो २ बजेका लागि संसद् अधिवेशन बोलाउन राष्ट्रपतिसमक्ष सिफारिश गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले बताउनुभयो।

यस्तै बैठकले संविधान संशोधनका लागि कार्यदल गठन गर्ने निर्णय गरेको छ। संविधान संशोधन बहस पत्र तयार गर्न प्रधानमन्त्रीको राजनीतिक सल्लाहकारको अध्यक्षतामा संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूका प्रतिनिधि रहने गरी कार्यदल गठन गर्ने निर्णय भएको प्रवक्ता पोखरेलले जानकारी दिनुभयो।

प्रवक्ता पोखरेलकाअनुसार संविधान संशोधनका लागि राष्ट्रिय सहमति आवश्यक पर्ने भएकाले प्रधानमन्त्रीको राजनीतिक सल्लाहकारको अध्यक्षतामा बन्ने समितिमा संसदमा प्रतिनिधित्व गर्ने सबै दलका प्रतिनिधि रहनेछन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

## गापा अध्यक्ष...

अध्यक्ष राम प्रमोद यादव (डमर) सँग फोनमार्फत प्रतिक्रिया लिँदा उनले १५ दिनभित्र भुक्तानी गर्ने आश्वासन दिएका छन्। "१५ दिनभित्र सबै ट्याक्टरधनीको पैसा दिन्छु, यस विषयमा पानबारीका सरोज यादवसँग पनि कुरा भइसकेको छ," भन्दै उनले छोटो प्रतिक्रिया दिएर फोन काटेका थिए।

तर, ट्याक्टरधनीहरूले भने उक्त दाबी अस्वीकार गरेका छन्। उनीहरूका अनुसार सरोज यादवसँग भएको भनिएको छलफलबारे आफूहरूलाई कुनै जानकारी छैन। एक ट्याक्टर चालकले भने, "डमरको गफ कसैले समाउन सक्दैन, के बोल्छ उसैलाई थाहा हुँदैन। हामी अहिले प्रमुख जिल्ला अधिकारीको निर्णय कुर्दै बसेका छौं।" पीडित पक्षले छिटो न्याय नपाए गाउँपालिका कार्यालयभित्रै आन्दोलन गर्ने चेतावनी दिएका छन्। "अब सिडिओको निर्णय पर्खिरहेका छौं, समाधान नभए आन्दोलनमा जान बाध्य हुन्छौं," उनीहरूले बताएका छन्।

उक्त विषयमा जिल्ला प्रशासन कार्यालयको कदम के हुने भन्नेबारे स्थानीयवासीको ध्यान केन्द्रित भएको छ।

## एसइई परीक्षामा...

निकायबीच समन्वय मजबुत बनाउन आग्रह गरिन्। बैठकमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुईंटेल, मधेस प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक गोविन्द थपलिया, शिक्षा तथा संस्कृति मन्त्रालयका निमित्त प्रदेश सचिव दिलीपकुमार ठाकुर, जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बराल, शिक्षा विकास निर्देशनालय मधेस प्रदेशका निमित्त निर्देशक महेन्द्र महतोलगायतले आ–आफ्नो धारणा राखेका थिए।

त्यसैगरी, राष्ट्रिय परीक्षा बोर्ड जनकपुरका प्रमुख दयाराम राई, शिक्षा विकास समन्वय इकाइ धनुषाका प्रमुख चेतकुमार पोखरेल, सप्तरीका प्रमुख शशिकुमार यादव, सिरहाका प्रमुख दीपकराज कलौनी तथा अन्य सम्बन्धित अधिकारीहरू उपस्थित थिए। बैठकले एसइई परीक्षा अवधिभर सुरक्षा व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्ने, परीक्षा केन्द्र वरपर निषेधित क्षेत्र कायम गर्ने, अनुगमन टोली परिचालन गर्ने, नकल नियन्त्रणमा कडाइ अपनाउने र परीक्षासम्बन्धी कुनै समस्या आए तत्काल समाधान गर्ने संयन्त्र सक्रिय राखेलगायतका निर्णय गरेको छ।

प्रदेशभरका सबै जिल्लामा सम्बन्धित निकायबीच समन्वय गरी परीक्षा निष्पक्ष, व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गराउन आवश्यक तयारी तीव्र पारिएको सो मन्त्रालयका उपसचिव उज्ज्वल पोखरेलले बताए।

# कृषि सामग्री कार्यालय जनकपुरधामद्वारा ४३ करोडको रासायनिक मल बिक्री




जनकपुरधाम, १६ चैत्र। नेपाल सरकारको स्वामित्वमा रहेको कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय जनकपुरधामले चालू आर्थिक वर्षको आठ महिनामा रु ४३ करोड ३८ लाख ८७ हजार २५४ बराबरको रासायनिक मल बिक्री वितरण गरेको छ।

सो कार्यालयले सो अवधिमा रु १३ करोड ८७ लाख ६७ हजार ५८० बराबरको आठ हजार १५८ मेट्रिकटन युरिया, रु २९ करोड ७९ लाख सात हजार मूल्य बराबरको छ हजार ३२० मेट्रिकटन डिएपी तथा रु ४३ लाख २२ हजार ६७१ बराबरको १८८ मेट्रिकटन पोटास बिक्री गरेको कार्यालय प्रमुख वेचनकुमार साहले जानकारी दिए। धनुषा तथा महोत्तरी जिल्ला गरी दुई जिल्लामा सो कार्यालयले किसानलाई सम्बन्धित पालिकाको सिफारिसमा रासायनिक मल वितरण गर्दै आएको छ। उक्त दुवै जिल्लाका २७ पालिकाहरूमा २१२ वटा आधिकारिक डिलरमार्फत उक्त रासायनिक मल बिक्री गर्दै आएको छ। हाल कार्यालयको गोदाममा एक हजार १९२ मेट्रिकटन युरिया, ८३८ मेटिकटन डिएपी मल तथा ३६१ मेट्रिकटन पोटास मौज्जदात रहेको कार्यालयद्वारा जारी तथ्याङ्कमा जनाइएको छ।

हालको सिजनका लागि आवश्यक पर्ने रासायनिक मल गोदाममा मौज्जदात रहेको उहाँले भन्नुभयो। उहाँले पालिकाका किसानका लागि छुट्याइएको रासायनिक मल सम्बन्धित निकायले लिन नआएको प्रमुख साहको भनाइ छ। गत आर्थिक वर्षमा सो कार्यालयले रु ३५ करोड मूल्य बराबरको रासायनिक मल बिक्री वितरण गरेको थियो। धनुषा तथा महोत्तरीका सीमा क्षेत्रका किसानले भारतीय सीमाबाट रासायनिक मल खरीद गरी ल्याउने गरेको छ।

# सरकारले बर्दिवास मेडिकल पूर्वाधार विकास आयोजना खारेज गरेपछि प्रधानमन्त्री बालेनको गृह जिल्लामा खैलाबैला



काठमाडौं, १६ चैत्र। नवगठित सरकारले बर्दिवास मेडिकल पूर्वाधार विकास आयोजना खारेज गरेपछि प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)को गृह जिल्ला महोत्तरीमा खैलाबैला भएको छ। सरकारले बर्दिवास, बुटवल र सुर्खेत मेडिकल पूर्वाधार निर्माण विकास आयोजना खारेज गर्ने निर्णय गरेको हो। बालेनको पुर्ख्यौली घर महोत्तरीको एकडारामा छ। हाल महोत्तरीका चारवटै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी भएका छन्।

०७३ सालमा गिरिराजमणि पोखरेल (हाल नेकपाका नेता) शिक्षामन्त्री भएको बेला बर्दिवासमा एक हजार बेड क्षमताको सरकारी मेडिकल कलेज स्थापना गर्ने निर्णय सरकारले गरेको थियो। त्यतिबेला सरकारले बर्दिबाससँगै बुटवल र सुर्खेतमा पनि एक हजार बेड क्षमताकै सरकारी मेडिकल कलेज स्थापना गर्ने निर्णय गरेको थियो। ०६४ सालको निर्वाचनमा पहिलोपटक महोत्तरी १ बाट सांसद विजयी भएपछि पोखरेलले बर्दिवासमा मेडिकल कलेज खोज्ने पहल अघि बढाएका थिए।

त्यसपछिका दुईवटा चुनावमा पनि महोत्तरी १ बाटै विजयी बनेका पोखरेलले नै विभिन्न समयमा शिक्षा र स्वास्थ्यमन्त्री भएको बेला बर्दिवासमा सरकारी मेडिकल कलेज स्थापनाको लागि पहल अघि बढाउँदै आएका थिए। तर ०७९ र हालै सम्पन्न निर्वाचनमा पनि सोही क्षेत्रबाट उम्मेदवार बनेका पोखरेल दुवै निर्वाचनमा पराजित बनेका थिए। फागुन २१ गते भएको निर्वाचनमा महोत्तरी १ बाट रास्वपाका प्रमोदकुमार महतो विजयी भएका छन्। जग्गा प्राप्तिसँगै अन्य पूर्वाधारका कामसमेत अघि बढिसकेको अवस्थामा सरकारले मेडिकल पूर्वाधार विकास आयोजना खारेज गर्ने निर्णय गरेको हो।

सरकारको यो निर्णयप्रति महोत्तरीवासीले असन्तुष्टि व्यक्त गरेका छन्। बर्दिवासका युवा व्यवसायी रोशन गौतमले आयोजना खारेज भएकोप्रति असन्तुष्टि जनाउँदै सो क्षेत्रबाट निर्वाचित सांसद प्रमोदकुमार महतो भूमिकाप्रति प्रश्न गरेका छन्। 'प्रमोद महतो माननीय (घन्टी) ज्यू, बर्दिवास मेडिकल कलेज खारेज गर्ने भएछ यो सरकारले ! तपाईंको भूमिका के रहन्छ अब? रासपाका कार्यकर्ता र नेताहरू जनतालाई कसरि कन्भिस गर्नुहुन्छ गर्नुहोस,' उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'अब पनि चुपचाप हो कि?'

# हरित सत्याग्रह साइकल यात्रा जनकपुरधाममा

**लक्ष्मी चौधरी**



जनकपुरधाम, १६ चैत्र। भारतको विहार राज्य अन्तर्गत सुपौल जिल्लाबाट सुरु गरिएको हरित सत्याग्रह साइकल यात्राअन्तर्गत चार जना भारतीय पर्यावरण अभियानी जनकपुरधाम आइपुगेका छन्। वातावरण संरक्षणसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले सञ्चालन गरिएको उक्त यात्रा तेस्रो दिन आइतबार साँझ जनकपुरधामस्थित जानकी मन्दिर पुगेका हुन्।

"पर्यावरण बचाऔँ", "जल, जङ्गल, जमिन बचाऔँ" र "सास न हो कम, ट्री लगारहे हैं हम" जस्ता सन्देश बोकेर भारतको विहार राज्यको छातापुरबाट सुरु गरिएको यस यात्रामार्फत अभियानीहरूले वृक्षारोपण, जलस्रोत संरक्षण तथा वनजङ्गलको जगेर्ना गर्नुपर्ने सन्देश दिएका छन्। साइकल यात्रामा सहभागी अभियानी कृष्ण कुमार, राम प्रकाश रवि, हलधर कुमार र चन्दन कुमारलाई मधेश प्रदेश सभाका सभामुख रामआशिष यादवले जानकी मन्दिर परिसरमा स्वागत तथा सम्मान गर्नुभएको थियो।

सो अवसरमा बोल्दै सभामुख यादवले वातावरण संरक्षणका लागि यस्ता अभियान अत्यन्तै आवश्यक रहेको उल्लेख गर्दै नेपाल र भारत दुवै देशले सहकार्यमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "पर्यावरण स्वच्छ रहनु मानव सभ्यताको आधार हो, र वातावरण संरक्षण बिना दिगो विकास सम्भव छैन।" साथै, अभियानमा संलग्न अभियानीलाई शुभकामना पनि व्यक्त गर्नुभयो। अभियानीका तर्फबाट बोल्दै राम प्रकाश रविले जल, जङ्गल र जमिन जोगाउने अभियान अन्तर्गत आफूहरू साइकल यात्रामा निस्किएको जानकारी दिनुभयो।

उहाँले "रूखबिरुवा विनाश गरेर हुने विकास वास्तवमा विनाश हो, हरियालीसहितको विकास नै दिगो विकास हो," भन्दै वातावरण संरक्षणप्रति सबैलाई सचेत रहन आग्रह गर्नुभयो। उहाँका अनुसार यस अभियानमार्फत ९३ देशमा विभिन्न भाषामा सन्देश फैलाइएको छ। कार्यक्रममा वृक्ष मानव तथा पर्यावरण अभियन्ता सुरेश शर्माले नेपालसम्म आइपुगी अभियान सञ्चालन गरेकोमा भारतीय अभियानीहरूलाई धन्यवाद व्यक्त गर्नुभयो।

# मुख्यमन्त्री यादवद्वारा संशोधन विधेयक फिर्ता

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १६ चैत्र। मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सभामा प्रस्तुत गरिएको गाउँ सभा, नगर सभा तथा जिल्ला सभा कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ संशोधन विधेयक फिर्ता लिनुभएको छ। नेपाली कांग्रेस संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्री यादवले सोमबार बसेको प्रदेश सभाको छैटौं अधिवेशनको १५औं बैठकमा उक्त विधेयक फिर्ता लिएको घोषणा गर्नुभएको हो।



संशोधन विधेयकको दफावार छलफलपछि उठेका सुझावहरूलाई आत्मसात गर्दै नवगठित सरकारको सय बुँदे सुशासन कार्यक्रमअनुसार अगाडि बढ्ने प्रतिबद्धतासहित विधेयक फिर्ता गरिएको उहाँले बताउनुभयो। दफावार छलफलका क्रममा जनता समाजवादी पार्टी (जसपा) का सांसद तथा पूर्व अर्थमन्त्री संजयकुमार यादवले लोकतन्त्रमा विधिको शासन अनिवार्य रूपमा लागू हुनुपर्नेमा जोड दिनुभयो। यसैगरी जसपा नेपालका प्रदेश सांसद किरण साहले जनसहभागिताको सिद्धान्तविपरीत संशोधन विधेयक प्रस्तुत गरिएको भन्दै त्यसलाई फिर्ता लिन माग गर्नुभएको थियो।

यसैगरी बैठकको विशेष समयमा विभिन्न दलका प्रदेशसभा सदस्यहरूले आ–आफ्ना धारणा राखने क्रममा नेपाली कांग्रेसका सचेतक कुमरकान्त झाले देशमा शान्ति, शिक्षा र रोजगारीलाई प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गर्नुभयो। नेपाल कम्युनिष्ट पार्टी ( नेकपा एमाले) का सांसद लखन दास तत्माले वर्तमान सरकारले कानुनी मर्यादा उल्लंघन गरेको आरोप लगाउँदै आवेगमा निर्णय लिएको टिप्पणी गर्नुभयो। साथै, संसदबाट पारित कार्यक्रमको बजेट रोक्नुको कारण प्रदेश सरकारले स्पष्ट पार्नुपर्ने उहाँले बताउनुभयो।

लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) नेपालका प्रदेशसभा सदस्य रमिता प्रधानले सुशासन, पारदर्शिता, रोजगारी र समावेशी विकासमार्फत संघीय संरचनालाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो। साथै, प्रदेशको योजना निर्माण प्रणालीमा देखिने प्राविधिक समस्याप्रति संघ सरकारको ध्यानाकर्षण गराउनुभयो। जनमत पार्टीका सांसद संजय यादवले संघ र प्रदेशबीच सहकार्य र समन्वय आवश्यक रहेको बताउँदै पारदर्शिताको अभावले विवाद निम्त्याउने गरेको उल्लेख गर्नुभयो।

विकास योजनामा विज्ञसँग पर्याप्त छलफल नभएको गुनासो पनि उहाँले गर्नुभयो। नेकपा माओवादी केन्द्रकी प्रदेशसभा सदस्य मालाकुमारी कर्णले कानुनले दिएको अधिकार कार्यान्वयनका लागि सबै सांसद एकजुट हुनुपर्ने बताउनुभयो। बेरोजगारीका कारण युवाहरू दुर्व्यसनतर्फ लागेको भन्दै युवालाई रोजगारीमा समेट्न सरकारसँग आग्रह गर्नुभयो। जनता समाजवादी पार्टी (जसपा) का प्रदेश सांसद अनिरुद्धकुमार सिंहले चालु आर्थिक वर्षमा तीव्र गतिमा काम गर्न सरकारलाई आग्रह गर्नुभयो। त्यस्तै जसपा नेपालकी प्रदेशसभा सदस्य ललिता दासले बैशाखभित्रै आर्थिक वर्षको कार्यसम्पादन टुंग्याउनु पर्ने धारणा राख्नुभयो।

मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले विशेष समयमा सांसद माला कुमारी कर्णको वक्तव्यलाई सम्बोधन गर्नुहुँदै सप्तरी जिल्लास्थित सुरुंगा नगरपालिका–३ लक्ष्मीपुरका मन्जु कुमारी सदाको सवालमा प्रदेश सरकारलाई ध्यानाकर्षण समेत गराउनुभएको छ।

# अर्थ मन्त्रालयले एकसाथ गर्‍यो ३० उपसचिव सरुवा

काठमाडौं, १६ चैत्र। अर्थ मन्त्रालयले एकसाथ ३० उपसचिवको सरुवा गरेको छ। अर्थमा कार्यरत उपसचिवहरूको भन्सार विभाग, आन्तरिक राजस्व विभागसहित मातहतका निकायहरूमा सरुवा भएको मन्त्रालयले जनाएको छ। यसबाहेक कतिपय उपसचिवहरूको प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा सरुवा भएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले मन्त्रालय सम्हालेपछि पहिलो पटक उपसचिवहरुको सरुवा भएको हो।

यस पटक अर्थ मन्त्रालयले पहिलोचोटि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नीति अनुसार मेरिटमा आधारित सरुवा तथा पदस्थापन गरेको हो। १५ चैतको मन्त्रीस्तरीय निर्णयबाट सरुवा गरिएको हो। मेरिट अनुसार पहिलो हुनेले पहिले पोस्टिङ छान्ने, दोस्रोले बाँकी २९ मध्येको ठाउँ छान्ने विधि अपनाइएको मन्त्रालयले जनाएको छ। मेरिटमा तेस्रो हुनेले बाँकी रहेको २८ बाट छान्ने विधि अनुसार यो बढुवापछिको पदस्थापन भएको मन्त्रालयको भनाइ छ। मेरिटको अन्तिममा भएकाले अरूले छाडेको र बाँकी रहेको ठाउँमा जानुपर्ने हुन्छ। रोजेको र आकर्षक भनिएको ठाउँमा पदस्थापन हुन यो विधि अनुसार अब अब्बल हुनुपर्ने भएको छ।

# २४ घन्टा नबित्दै आफ्नै निर्णयबाट पछि हट्यो शिक्षा मन्त्रालय

काठमाडौं, १६ चैत्र। शिक्षामन्त्री सस्मित पोखरेलले एसइई दिएका विद्यार्थीलाई लक्ष्य गरेर सञ्चालन हुँदै आएका ब्रिज कोर्स र तयारी कक्षा मात्र रोक्ने निर्णय गरिएको स्पष्ट पारेका छन्। सोमबार मन्त्रिपरिषद बैठकपछि पत्रकारहरूको प्रश्नमा एसइई दिइसकेका र कक्षा ११ मा जान तयारी गरिहेका विद्यार्थीलाई लक्ष्य गरेर सञ्चालन हुँदै आएका ट्युसन सेन्टर र ब्रिज कोर्सलाई रोक्ने निर्णय गरिएको उनले बताए।

'एसइई दिएका विद्यार्थीलाई ब्रिज कोर्सले तानातान गर्ने भएकाले यो तत्कालै रोक्ने निर्णय गरिएको हो,' उनले भने। मन्त्रालयले आइतबार 'विद्यालय तहदेखि उच्च शिक्षासम्म भर्नाका लागि सञ्चालन हुँदै आएका प्रवेश परीक्षा तयारी कक्षा र ब्रिज कोर्स पूर्ण रूपमा बन्द गर्ने' निर्णय सहितको सूचना सार्वजनिक गरेको थियो। तर त्यस्ता कक्षा सञ्चालन गर्ने व्यवसायीहरूले विरोध जनाएपछि सोमबार बिहान उक्त सूचना मन्त्रालयको वेबसाइटबाट हटाइएको छ।

# नर्सिङ विद्यार्थीद्वारा पाठेघरको मुखको क्यान्सर परीक्षण शिविर

**तिवारी यादव**


वीरगन्ज, १६ चैत्र। वीरगन्ज नर्सिङ क्याम्पसको बिएनएस दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीले पाठेघरको मुखको क्यान्सर पहिचानका लागि निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेका छन्। उनीहरूले वीरगन्ज महानगरपालिका–१६, नगवामा महिला तथा प्रसूति रोग विशेषज्ञ चिकित्सकहरूको सहयोगमा दुई सय महिलाको पाठेघरको मुखको क्यान्सर पहिचानका लागि भिआइए जाँच तथा स्क्रिनिङ गरेका हुन्।



शिविरमा सहभागी चिकित्सक डा. प्रिती यादवले महिलामा घातक रोगको रूपमा देखिएको पाठेघरको मुखको क्यान्सर परीक्षण र उपचारका लागि सचेतना फैलाउन आवश्यक रहेको बताइन्। उनका अनुसार समुदायमा रहेका महिलालाई पाठेघरको मुखको क्यान्सरबाट जोगाउनका लागि जनचेतना र परीक्षण आवश्यक छ। क्याम्पस प्रमुख डा. कल्पना पौडेलले पनि यो रोगबाट जोगिन सकेमा क्यान्सर केही नरहेको उल्लेख गर्दै क्यान्सर जितेकाहरूबारे जनचेतना फैलाएर पाठेघरको मुखको क्यान्सरबाट धेरैलाई जोगाउन सकिने बताइन्।

स्त्रीरोग परीक्षण गराउन अझै पनि लाज मान्ने र धेरैलाई ज्ञानसमेत नहुने कारणले नेपालमा पाठेघरको मुखको क्यान्सरका बिरामी बर्सेनि १० हजार थप भइरहेका चिकित्सकहरू बताउँछन्। अहिले गर्भावस्थाका कारण हुने आमाको मृत्युभन्दा पनि पाठेघरको मुखको क्यान्सरका कारण मृत्यु बढी भइरहेको अर्की चिकित्सक डा. मिता महर्जनले बताइन्। पाठेघरको मुखको क्यान्सरका बिरामीको मृत्युदर भयावह रहे पनि स्क्रिनिङमा पालिकाले ध्यान नदिएको वडाध्यक्ष पर्शुराम चौरसियाले बताए। विद्यार्थीले स्वास्थ्य सामुदायिक कार्यक्रम अन्तर्गत समुदायका ६४० घरदैलोमा पुगेर वेलैमा स्क्रिनिङ गरे रोग पत्ता लगाई उपचार गरेर त्यसबाट छुटकारा पाइने बताए।

चिकित्सकका अनुसार ३० देखि ४९ वर्ष उमेरका महिलाको स्क्रिनिङ गरेर रोग पत्ता लगाइन्छ। भिआइए (भिजुअल इन्फेक्सन विथ एसिटिक एसिड)बाट जाँच गरी पाठेघरको मुखमा क्यान्सर संक्रमण रहे वा नरहेको पत्ता लगाउन सकिन्छ।



# ज्यान मार्ने धम्की दिएको भन्दै हर्क साम्पाङद्वारा साइबर ब्युरोमा उजुरी

काठमाण्डौं, १६ चैत्र। श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले सामाजिक सञ्जालमा आफूलाई ज्यान मार्ने धम्की दिएको भन्दै नेपाल प्रहरीको साइबर ब्युरोमा उजुरी दिनुभएको छ। अध्यक्ष साम्पाङले सुनिता खड्का नामको टिकटक आईडीबाट आफ्नो घरसमेत जलाउने धम्की आएकाले उजुरी दिएको जानकारी दिनुभयो।



'मलगायत मेरो घर परिवारलाई समेत ज्यान मार्ने धम्की दिएको साथै घर जलाउने धम्की दिई टिकटक, फेसबुकजस्ता सामाजिक सञ्जालमा अपशब्द प्रयोगका साथै गालीगलौज गरी समाजमा भ्रम फैलाएको हुँदा प्रचलित नेपाल सरकारको कानूनबमोजिम हदैसम्मको कारबाही गरी पाऊँ', अध्यक्ष साम्पाङले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको उजुरीमा उल्लेख छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)